# दुई सन्तान परिवार नियोजन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७८।०३।०५

**प्रस्तावना**

नेपालमा भइरहेको जनसंख्या बृद्धिदरलाई नियन्त्रण र प्रभावकारी बनाउन विभिन्न समय क्रममा सञ्चालित कार्यक्रम मार्फत भूमिका निर्वाह गर्न "दुई सन्तान परिवार नियोजन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी छाँयानाथ रारा नगरपालिकाको स्थानीय सरकारले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१)यस कार्यविधिको नाम "दुइ सन्तान परिवार नियोजन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "दुई सन्तान" भन्नाले यस कार्यक्रममा सहभागी भएका अभिभावकका सन्तान छोरा छोरा ,छोरी छोरी वा छोरा छोरीलाई सम्झिनु पर्दछ ।

(ख) "अभिभावक" भन्नाले नगरपालिका स्तरमा कार्यक्रममा सहभागी भएका दुई सन्तानका बाबु वा आमा वा दुबैलाई सम्झिनु पर्दछ ।

(ग) "परिवार नियोजन" भन्नाले दुई सन्तानमा आमा वा बाबुले स्थायी बन्ध्याकरण गरिएकोलाई सम्झनु पर्दछ ।

(घ) "कार्यक्रम" भन्नाले दुई सन्तान परिवार नियोजन कार्यक्रमलाई सम्झिनु पर्दछ ।

(ङ) "नगरपालिका" भन्नाले छाँयानाथ रारा नगरपालिकालाई सम्झनु पर्छ ।

(च) "कार्यालय" भन्नाले नगरपालिकाको कार्यालयलाई सम्झनु पर्नेछ ।

(छ) "वडा कार्यालय" भन्नाले नगरपालिका अर्न्तगतका सम्पूर्ण वडा कार्यालयलाई सम्झनु पर्नेछ ।

(ज) "प्रोत्साहन भत्ता" भन्नाले दफा ४ बमोजिमको रकम सम्झनु पर्नेछ ।

**३. कार्यक्रममा आवद्ध हुने:** (१) संवत् २०७४ साल श्रावण १ गते वा सो मितिभन्दा पछि दुई सन्तानमा स्थायी बन्ध्याकरण गरेका अभिभावक मात्र कार्यक्रममा आवद्ध हुन सक्नेछन् । यस कार्यक्रममा आवद्ध हुनको लागि स्थायी बन्ध्याकरण गरेको प्रमाणपत्र र अन्य आवश्यक कागजातहरु संलग्न गरी नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम बन्ध्याकरण गर्ने अभिभावकको प्राप्त निवेदन तथा कागजातको जाँचबुझ गरी यस कार्यविधि बमोजिम आवश्यक कागजात र प्रक्रिया पुरा गरी आग्रह बमोजिम स्थायी बन्ध्याकरण गरेका अभिभावकलाई सम्बन्धीत स्थानीय सरकारले प्रोत्साहन भत्ता दिलाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अभिभावकले सम्बन्धीत स्थायी बसोबास गरेको वडा कार्यालयबाट सिफारिस भई आए पश्चात सेवा प्रदायक सरकारले कार्यक्रम अन्तर्गत नियमानुसार दिन सक्ने प्रोत्साहन भत्ता सम्बन्धित अभिभावकलाई उपलब्ध गराउन सक्नेछ ।

**४ रकम उपलब्ध गराउने:** (१) संवद २०७४ श्रावण १ गतेपछि नगरपालिका भित्रका स्थायी बन्ध्याकरण गरेका अभिभावकलाई यस कार्यक्रम अन्तर्गत छाँयानाथ रारा नगरपालिकाले एक आर्थिक वर्षमा प्रोत्साहन भत्ता छुट्याएको बजेट र त्यस आर्थिक वर्षमा परेका निवेदनलाई मासिक /बार्षिक रु......... रकम उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिमको रकम सम्बन्धीत अभिभावकलाई आर्थिक वर्षको असाढ मसान्त भित्र नगरपालिकाले उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त रकम एक आर्थिक वर्षमा एक पटक उपलब्ध गराइनेछ ।

**५. भत्ता रकम:** (१) कार्यक्रम अन्तर्गत एक आर्थिक बर्षमा विनियोजन बजेटबाट तोकिएको दरमा निवेदकलाई उपलब्ध गरिनेछ ।

**६.निवेदन दिनुपर्ने:** (१) दफा (४) बमोजिमको भत्ता पाउने अभिभावक वा नागरिकले नगरपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन साथ देहायको कागजात निवेदकले प्रमाणित गरी संलग्न गर्नुपर्नेछ ।

क. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी

ख. स्थायी बन्ध्याकरण गरेको प्रमाणको प्रतिलिपी

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर नगरपालिकाले पन्ध्र दिनभित्र आवश्यक कारवाही् गरि निर्णय गर्नु पर्नेछ ।

**७. अभिलेख राख्नु पर्नेः** (१) नगरपालिकाले यस कार्यविधि बमोजिम प्रोत्साहन भत्ता पाउने अभिभावक वा नागरिकको विवरण र वितरण गरिएको भत्ताको अभिलेख निम्न ढाँचामा तयार गरि राख्नु पर्नेछ ।

ढाँचा

| सि.न. | भत्ता पाउनेको नाम,थर | ठेगाना | लिङ्ग | उमेर | पेशा व्यवसाय | शैक्षिक योग्यता | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |